काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



❐ वर्ष : २६ ❐ अंक : ४५ ❐ आइतवार, २९ कात्तिक, २०८३ ❐ Sunday, 15 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

चौकुनेमा दुई सिमेन्ट उद्योग :

सूर्यताराको निर्माणले गति लिँदा मुक्तिश्रीको काम ठप्प

❐ चाँदनी काठायत
सुर्खेत, २८ कात्तिक

पश्चिम सुर्खेतको चौकुनेमा सिमेन्ट उद्योग स्थापना गर्ने दुई आयोजना अहिले विपरीत अवस्थामा छन्। करिब १५ अर्ब रुपैयाँ लगानीको सूर्यतारा सिमेन्ट उद्योगको निर्माण अघि बढिरहेको छ भने १६-१७ वर्षअघि अनुमति पाएको मुक्तिश्री सिमेन्ट उद्योगले अहिलेसम्म निर्माण सुरु गर्न सकेको छैन। लामो समयसम्म काम नगरेको मुक्तिश्रीको अनुमति खारेज गरी नयाँ प्रक्रियाबाट उद्योग सञ्चालनको बाटो खोल्न गाउँपालिकाले उद्योग मन्त्रालयसँग माग गरिरहेको छ।

चौकुने गाउँपालिका-९ सुनाकाँडामा स्थापना भइरहेको सूर्यतारा सिमेन्ट उद्योगको भौतिक संरचना निर्माणले गति लिएको गाउँपालिका अध्यक्ष खड्क विकले बताए। उनका अनुसार उद्योगका संरचना निर्माणको काम अघि बढिरहेको छ। यही गतिमा काम भए अबको १२-१३ महिनाभित्र सिमेन्ट उत्पादन सुरु हुन सक्ने उनको अनुमान छ। 'सूर्यतारा सिमेन्टको काम एकदम तीव्र गतिमा अगाडि बढेको छ। संरचनाका कामहरू धेरै अगाडि बढिसकेका छन्,' अध्यक्ष विकले भने, 'मलाई लाग्छ, अबको १२-१३ महिनामा सिमेन्टका बोरा खस्ने बनाउनुहुन्छ।'

सूर्यतारा उद्योगले निर्माणलाई अघि बढाइरहँदा चौकुने गाउँपालिका-६ स्थित अर्को चुनढुङ्गा खानीमा आधारित मुक्तिश्री सिमेन्ट उद्योग भने वर्षौंदेखि अलपत्र छ। कम्पनीले उद्योग स्थापनाका लागि अनुमति पाए पनि खानी सञ्चालन र कारखाना निर्माणको काम अघि नबढाएको अध्यक्ष विकको भनाइ छ। गाउँपालिकाले कम्पनीलाई तीन वर्षदेखि प्रशासनिक सेवा रोक्दै आएको छ भने अनुमति खारेज गरेर नयाँ ठेक्का प्रक्रियामा लैजान मन्त्रालयमा पहल गरिरहेको छ।

सूर्यतारा सिमेन्ट उद्योग चौकुने गाउँपालिका-९ सुनाकाँडामा स्थापना भइरहेको छ। यस उद्योगका लागि आवश्यक चुनढुङ्गा भने बराहताल गाउँपालिका-७ स्थित लखरपाटाबाट उत्खनन गरिनेछ। खानीबाट निकालिएको चुनढुङ्गा करिब २४ किलोमिटर दूरीमा रहेको सुनाकाँडास्थित उद्योगमा ल्याएर प्रशोधन गरी सिमेन्ट उत्पादन गर्ने योजना छ।

कम्पनीले उद्योग स्थापनाका लागि सुनाकाँडामा ४२ बिघा जग्गा खरिद गरेको छ। करिब १५ अर्ब रुपैयाँ लगानीमा स्थापना हुन लागेको उद्योगमा लगानी बोर्डले १४ अर्ब २७ करोड ५० लाख रुपैयाँ बराबरको लगानी स्वीकृत गरेको छ। उद्योगका लागि बराहताल-७ लखरपाटामा ९५ हजार हेक्टर क्षेत्रफलबाट चुनढुङ्गा उत्खनन गर्ने योजना छ। उद्योगको भौतिक संरचना निर्माणका लागि करिब पाँच सय रोपनी निजी जग्गामा काम भइरहेको छ। उद्योगस्थलमा करिब २५० मजदुर खटिएका छन्। क्रसर प्लान्ट, माटो परीक्षण, कामदार आवास तथा अन्य संरचना निर्माणको काम अघि बढाइएको हो।

उद्योग पूर्ण क्षमतामा सञ्चालन हुँदा दैनिक ५० हजार बोरा सिमेन्ट उत्पादन गर्ने र करिब एक हजार जनालाई प्रत्यक्ष रोजगारी दिने कम्पनीको अनुमान छ।

यस आयोजनाका लागि खानी क्षेत्र लखरपाटा र उद्योगस्थल सुनाकाँडा जोड्ने पहुँचमार्ग महत्वपूर्ण छ। प्रदेश सरकारले खानी र उद्योग जोड्न करिब १० किलोमिटर सडक निर्माण अघि बढाएको छ। उक्त सडकका लागि चालु आर्थिक वर्ष २०८२/८३ मा पाँच करोड रुपैयाँ बजेट व्यवस्थापन गरिएको र सडकको ट्यार्क खोल्ने काम पूरा भएको छ। सडकलाई साउनसम्म कालोपत्रे गर्ने लक्ष्य राखिए पनि इन्धन तथा निर्माण सामग्रीको बाँकी पृष्ठ २



१७ वर्षदेखि अनुमति, निर्माणको काम शून्य

चौकुने गाउँपालिका-६ स्थित चौकुने डाँडामा रहेको चुनढुङ्गा खानीमा आधारित सिमेन्ट उद्योग स्थापना गर्ने योजना मुक्तिश्री सिमेन्ट इन्डस्ट्रिज प्रालिको हो। कम्पनीले २०६६ साल साउन २० गते खानी तथा भूगर्भ विभागबाट चुनढुङ्गा उत्खननको अनुमति लिएको भए पनि १६-१७ वर्ष बितिसक्दा उद्योग निर्माणको काम अघि बढ्न नसकेको अध्यक्ष विकले बताए।

चौकुने डाँडाको करिब ११ हजार रोपनी क्षेत्रमा फैलिएको चुनढुङ्गा खानीबाट अहिलेसम्म उत्खनन सुरु भएको छैन। खानी तथा भूगर्भ विभागले २०३५ देखि २०३९ सालसम्म गरेको अध्ययनमा यहाँको चुनढुङ्गा सिमेन्ट उत्पादनका लागि उपयुक्त रहेको प्रमाणित भएको थियो। त्यसपछि खानी उत्खनन र उद्योग स्थापना गर्ने उद्देश्यले मुक्तिश्रीले अनुमति लिएको थियो।

कम्पनीले खानी सञ्चालन र कार खाना स्थापनाका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न सकेको छैन। कम्पनीले खानी क्षेत्रमा ९० रोपनी जग्गा मात्रै खरिद गरेको थियो। खानी सञ्चालनका लागि थप तीन सय रोपनी र सिमेन्ट कार खाना स्थापना तथा सञ्चालनका लागि करिब पाँच सय रोपनी जग्गा आवश्यक पर्ने कम्पनीको भनाइ थियो।

लामो समयसम्म बाँकी पृष्ठ ४

बाढी प्रभावित बालबालिकाको संरक्षणमा सघाउन आह्वान



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ कात्तिक

राष्ट्रिय बाल अधिकार परिषद्ले भोटेकोशी बाढीबाट प्रभावित बालबालिकाको संरक्षण, हेरचाह तथा स्याहार योजनामा समावेश हुन परोपकारी सङ्घसंस्था तथा व्यक्तिहरूसँग आवेदन आह्वान गरेको छ।

परिषद्ले सार्वजनिक रूपमा सूचना जारी गर्दै सम्बन्धित वडा कार्यालयमार्फत निवेदन पेस गर्न अनुरोध गरेको छ। बाढीबाट रसुवा र नुवाकोटका ५८४ जना बालबालिका प्रभावित भएका छन्। योजनामा १८ वर्षमुनिका बालबालिकालाई मात्र समावेश गरिने छ।

बालबालिका स्वयं वा संरक्षक घाइते भएका कारण उचित संरक्षण पाउन नसकेका तथा बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिका पनि योजनामा समेटिनेछन्।

बाढीका कारण अभिभावक गुमाएका तथा परिवारबाट विस्थापित भएका बालबालिकाको संरक्षण, शिक्षा, स्वास्थ्य, मनोसामाजिक परामर्श र दीर्घकालीन पुनःस्थापना प्रमुख चुनौती बनेको परिषद्ले जनाएको छ।

आफ्नै माटोमा 'अनागरिक' आरती न ओत लाग्ने छानो छ, न छोरीहरूको जन्मदर्ता

❐ काँक्रेविहार संवाददाता
कञ्चनपुर, २८ कात्तिक

कञ्चनपुरको लालझाडी गाउँपालिका-५, बैजनाथ टोलमा बस्छिन्, ४० वर्षीया आरती लुहार। बैजनाथमा उनलाई जन्मदिने बुवा र आमाको घर छ। तर आरतीका लागि ओत लाग्ने सानो झुपडी त परै जाओस्, एक धुर जमिनसमेत छैन्। आरतीसँगै दुई कलिला छोरीहरू यतिबेला जीवन र भविष्यको दोसाँधमा संघर्ष गरिरहेका छन्। आफ्नै देशको माटोमा जन्मिएर पनि कागजी पहिचान र सुरक्षित बासको अभावमा एकातिर आमा मानसिक स्वास्थ्य समस्यासँग जुधिरहेकी छिन् भने अर्कोतिर १० वर्षीया लक्ष्मी र ८ वर्षीया काँजलको पढ्ने र अगाडि बढ्ने रहर जन्मदर्ताको कागज नहुँदा अधुरै छ।

आरतीको यो संघर्षपूर्ण यात्रा आजको होइन्। चरम गरिबी र अभावले थिचिएपछि वि.सं. २०६३ तिर उनी दुई छाक टार्ने र परिवारको जीवनस्तर उकास्ने सपना बोकेर रोजगारीका लागि भारतको हरियाणा पुगेकी थिइन्। तर, परदेशको बसाइ उनका लागि सहज भएन्। वैदेशिक रोजगारीका क्रममा भोगेका विभिन्न पारिवारिक र सामाजिक विषम परिस्थिति तथा आर्थिक समस्याले सहन नसकेपछि आरतीको मानसिक सन्तुलनमा गम्भीर असर पऱ्यो। परदेशको त्यो कठिन यात्रापछि उनी रित्तो हात, विक्षिप्त मन र काखमा सन्तान लिएर आफ्नै जन्मभूमि फर्किइन्। आरतीका कुल ५ छोरीहरूमध्ये तीन जना ठूला छोरीहरूको विवाह भई आफ्नै घरजममा छन्। तर आर्थिककै कारण उनीहरुको विवाह भारततिरै गरेको तर हाल उनीहरु कहाँ, कस्तो अवस्थामा छन् भन्ने कुनै पत्तो छैन्।



अहिले आरतीको काँधमा १० वर्षीया लक्ष्मी र ८ वर्षीया काँजलको लालनपालनको जिम्मेवारी छ। तर, न आरतीसँग ओत लाग्ने सानो छानो छ, न त एक टुक्रा जमिन नै। गाउँका मनकारी छिमेकीहरूले मानवीय नाताले दिएको एक छाक खाना र लत्ताकपडाको भरमा यी आमाछोरीको दैनिकी चलिरहेको ईश्वरीदेवि बोहरा बताउछिन्। वर्षाको झरी होस् या हिउँदको कठ्याङ्ग्रिँदो चिसो, अरूकै आश्रय र खुला आकाशमुनि उनीहरूले रात कटाउनु परेको छ।

१० वर्षकी लक्ष्मी र ८ वर्षकी काँजलको आँखामा अरू बालबालिका जस्तै कापी-कलम समाएर विद्यालय जाने र ठूली मान्छे बन्ने सपना छ। तर, जन्मदर्ता नभएकै कारण उनीहरू विद्यालयको दैलोसम्म पुगेर पनि औपचारिक शिक्षाको उज्यालोबाट वञ्चित हुनुपरेको छ। आमाको मानसिक स्वास्थ्य कमजोर हुनु र आवश्यक कागजपत्र जुटाइदिने अभिभावक नहुँदा यी बालिकाहरू आफ्नै देशमा कानुनी पहिचानविहीन बन्न पुगेको लालझाडी गाउँपालिका-५ का वडाध्यक्ष पहलबहादुर थापाले जानकारी दिए।

पछिल्लो समय वडाध्यक्षले मानवीय संवेदना देखाउँदै आरतीको जन्मदर्ता बनाईदिएर कानुनी पहिचानको पहिलो ढोका खोलिदिएका छन्। तर, आरतीको नेपाली नागरिकता अझै बन्न सकेको छैन्। लक्ष्मी र काँजलको जन्मदर्ता बनाउने प्रक्रिया पनि आवश्यक कागजात र प्रक्रियागत जटिलताका कारण पूरा हुन सकेको छैन्। वडाध्यक्ष थापाले बालिकाहरूको जन्मदर्ता बनाउन निरन्तर पहल गरिरहेको बताए। 'आरतीका बुवा पहाडतिर गएका छन्, फर्किपछि उनको नागरिकता र छोरीहरुको जन्मदर्ता बनाउने पहल गरिरहेको छु,' वडाध्यक्ष थापा भन्छन्, 'लामो पर्व विदा सकिएलगत्तै बालिकाहरुको भविष्यका लागि पनि जन्मदर्ता बनाउन लागिरहेको छु।'

आरतीलाई नियमित स्वास्थ्य उपचार र सुरक्षित आश्रयको खाँचो छ भने लक्ष्मी र काँजललाई नागरिक पहिचानसहित विद्यालय जाने वातावरणको आवश्यकता देखिएको छिमेकी बताउन्।

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
आइतवार, २९ कात्तिक, २०८३
Sunday, 15 Nov 2026

सम्पादकीय

महिला र बालबालिकाको सुरक्षित जीवनको जिम्मा कस्ले लिने ?

मानिसका लागि सबैभन्दा सुरक्षित आश्रयस्थल हुनुपर्ने हो । तर त्यही घर महिलाका लागि हिंसा, यातना र असुरक्षाको थलो बन्नु गम्भीर सामाजिक विडम्बना हो । कर्णालीमा घरेलु हिंसाका कारण महिला र बालबालिकाले ज्यान गुमाइरहेका घटनाले हाम्रो सामाजिक चेतना, पारिवारिक संरचना र राज्यको संरक्षण प्रणालीमाथि गम्भीर प्रश्न उठाएका छन् । कर्णाली प्रदेश प्रहरीको तथ्यांकअनुसार पछिल्लो तीन वर्षमा ३ हजार ६ सय २१ घरेलु हिंसाका घटना दर्ता भएका छन् । यही अवधिमा श्रीमान्बाटै २४ महिलाको हत्या भएको छ । पारिवारिक कलह तथा दाम्पत्य विवादसँग जोडिएका आत्महत्याका घटनासमेत उल्लेख्य छन् । अझ प्रहरीसम्म नपुगेका घटनाको संख्या कति होला भन्ने प्रश्न उत्तिकै गम्भीर छ । सामाजिक प्रतिष्ठा, घरबार बिग्रने डर र आर्थिक परनिर्भरताका कारण धेरै महिला हिंसा सहेर बस्न बाध्य छन् ।

हिंसालाई घरभित्रको सामान्य झगडा ठान्ने सामाजिक सोच नै समस्या समाधानको ठूलो बाधक हो । महिलामाथि कुटपिट, धम्की र मानसिक यातना भइरहँदा परिवार तथा छिमेकीले समयमै हस्तक्षेप नगर्नु पनि हिंसालाई निरन्तरता दिने कारण बनेको छ । यसको असर महिलामा मात्रै सीमित हुँदैन । हिंसापूर्ण वातावरणमा हुर्कने बालबालिकाको मानसिक स्वास्थ्य, शिक्षा र भविष्यसमेत प्रभावित हुन्छ । घरेलु हिंसा रोक्न प्रहरीमा उजुरी दर्ता गर्ने व्यवस्थाले मात्रै पुग्दैन । स्थानीय तहले जोखिममा रहेका महिलाको पहिचान, नियमित निगरानी, मनोसामाजिक परामर्श, सुरक्षित आवास र कानुनी सहायताको व्यवस्था प्रभावकारी बनाउनुपर्छ । प्रहरी, महिला अधिकारकर्मी, स्वास्थ्य संस्था र समुदायबीच समन्वय आवश्यक छ । हिंसाका घटनामा मिलापत्र गराउने नाममा पीडितलाई पुनः त्यही असुरक्षित वातावरणमा फर्काउने प्रवृत्ति पनि अन्त्य हुनुपर्छ ।

महिला र बालबालिकाको सुरक्षा परिवारको मात्रै जिम्मेवारी होइन, राज्यको दायित्व पनि हो । हिंसा भइसकेपछि उद्धार र उपचारमा सीमित नभई हिंसा हुनै नदिने संयन्त्र निर्माण गर्नु आवश्यक छ । घरभित्रै असुरक्षित नागरिक भएको समाजलाई सुरक्षित समाज भन्न सकिँदैन । त्यसैले घरेलु हिंसाविरूद्धको प्रतिबद्धता भाषण र नारामा होइन, पीडितले व्यवहारमै सुरक्षा र न्याय अनुभूत गर्ने गरी कार्यान्वयन हुनुपर्छ ।

सूर्यताराको...

मूल्यवृद्धिका कारण समय लाग्न सक्ने बताईएको छ ।

सडकसँगै विद्युत् र खानेपानीको व्यवस्था पनि उद्योग सञ्चालनका लागि चुनौतीका रुपमा देखिएको छ । गुटुबजारबाट उद्योगस्थल जाने सडकको गुटुखोलामा पुल नहुँदा सामग्री ढुवानीमा समस्या हुने गरेको छ। कैलालीको चिसापानीतर्फ जोडिने सडकको अवस्था पनि कमजोर हुँदा काम गर्न समस्या भईरहेको छ । खानीबाट चुनढुङ्गा ल्याउन र उद्योग निर्माणका सामग्री पुऱ्याउन सडक तथा पुलको सुधारका लागि पनि पहल गरिएको कम्पनीले जनाएको छ ।

अनुमति खारेज गरेर नयाँ प्रक्रियामा लैजान माग

मुक्तिश्रीले लामो समयसम्म उद्योग निर्माणको काम अघि नबढाएपछि गाउँपालिकाले अब पुरानो अनुमति खारेज गरेर नयाँ ठेक्का प्रक्रियाबाट उद्योग स्थापना गर्नुपर्ने माग अघि सारेको छ । यस विषयमा उद्योग मन्त्रालयसँग छलफल र पत्राचार भइरहेको अध्यक्ष विकले बताए ।

उनका अनुसार करिब एक महिनादेखि डेढ महिनाअघि उनी गाउँपालिकाको टोलीसहित काठमाडौं पुगेर उद्योग मन्त्रालयका सहसचिवसँग छलफल गरेका थिए । उक्त छलफलमा पुरानो उद्योगको काम अघि नबढेको विषय उठाउँदै अनुमति खारेज गरी नयाँ प्रक्रियामा लैजान माग गरिएको उनले जानकारी दिए ।

'हामीले पुरानो चौकुने सिमेन्ट खानीको अनुमति खारेज गरेर नयाँ ठेक्का प्रक्रियामा लैजानुपर्छ भनेर मन्त्रालयमा माग गरिरहेका छौं,' अध्यक्ष विकले भने, 'एक महिनादेखि डेढ महिनाअघि काठमाडौं गएर उद्योग मन्त्रालयका सहसचिवसहितको टिमसँग बसेर कुरा गरेका छौं । अहिले त्यो फाइल मन्त्रालयमा छ ।'

गाउँपालिकाले कम्पनीलाई उद्योग स्थापना गर्न आवश्यक सहयोग गर्ने निर्णय गरे पनि लामो समयसम्म काम नगरी अनुमति मात्रै ओगटेर बस्ने अवस्थालाई निरन्तरता दिन नसकिने अध्यक्ष विकको भनाइ छ ।

सीमानाकामा देखिने नेपालको अदृश्य वैदेशिक रोजगारी



✍ ऋतु राज भण्डारी

मनसुनको अन्त्यसँगै नेपालमा दशैं र तिहारजस्ता चाडपर्वहरुको मौसम सुरु हुन्छ। चाडपर्वहरु नजिकिएसँगै काँधमा झोला, आँखामा वर्षभरिको थकान र घर पुग्ने सपना बोकेका नेपाली युवाहरु घर फर्कने चटारोमा हुन्छन् । भारतीय सीमावर्ती सहरका बसपार्क र रेलवे स्टेसनदेखि मध्य र पश्चिम नेपालका सुनौली, जमुनाहा, गौरीफन्टा र गड्डाचौकी जस्ता सिमा नाकामा घर फर्किनेको यो भीडले रोजगारीका लागि भारतका विभिन्न सहरहरुमा पुगेका नेपालीहरुको एउटा कम चर्चामा रहेको श्रम आप्रवासनको यथार्थलाई उजागर गर्छ ।

खाडी मुलुक, मलेसिया र कोरियामा वैदेशिक रोजगारीको अवसर खुल्नु अघि करिब दुई सय वर्ष अघिदेखि भारत नेपालीहरुको पहिलो र सबैभन्दा सहज रोजगारीको गन्तव्य थियो । घर फर्किनेको यो टिठलाग्दो ताँतीले एउटा गम्भीर प्रश्न उठाउँछ- आफ्नो गाउँघर र देशभित्र रोजगारी नपाएर भारतमा न्यून ज्यालामा श्रम गर्न बाध्य नेपाली युवाहरुको संख्या कति छ ? उनीहरु किन भारत नै जान्छन ? अझ महत्त्वपूर्ण प्रश्नः प्रवासमा उनीहरुको सुरक्षा तथा अधिकारप्रति राज्यको जिम्मेवारी के हो ? विडम्बना, राज्यको विद्यमान वैदेशिक रोजगारसम्बन्धी ऐन, अभिलेख र सार्वजनिक बहसमा भारततर्फको श्रम आप्रवासन सबैभन्दा कम समेटिएको विषय बनेको छ । यो लेख भारतीय श्रम आप्रवासनका यिनै मुद्धा र तथ्यमा केन्द्रित छ ।

लाहुरेदेखि घरेलु मजदुरसम्म

वैदेशिक रोजगारीप्रति नेपाली युवाहरूको आकर्षण लामो समयदेखि रहँदै आएको छ । वैदेशिक रोजगार विभागले सन् १९९३/९४ पछी ७० लाख भन्दा बढी श्रम स्वीकृति जारी गरिसकेको तथ्याङ्कले पनि यसको आकर्षणको तहलाई उजागर गर्छ । नेपालका प्रसिद्ध आर्थिक इतिहासकार तथा अन्वेषक महेशचन्द्र रेग्मीले आफ्नो चर्चित पुस्तक 'ल्याण्ड टेन्योर एन्ड ट्याक्सेसन इन नेपाल' (१९६३) र 'थ्याच्ड हट्स एन्ड स्टुको प्यालेसेस' (१९७८) मा कृषि प्रणाली र सरकारी कर प्रणालीमा आएको परिवर्तनसँगै १९औँ शताब्दीको सुरुवातदेखि नेपालीहरु रोजगारीका लागि विदेश जाने थालेको चर्चा गरेका छन् । तर वैदेशिक रोजगारीको सुरुवात मुख्यतः सैन्य भर्ती प्रक्रियासँग जोडिएको देखिन्छ । सन् १८१४-१६ को एङ्लो-नेपाल युद्ध र सुगौली सन्धिपछि गोर्खा सैनिकको वीरताबाट प्रभावित भएको इस्ट इन्डिया कम्पनीले उनीहरूलाई आफ्नो सेनामा भर्ना गर्न थालेसँगै वैदेशिक रोजगारीको औपचारिक सुरुवात भएको थियो ।

सन् १८०९ ताका पञ्जाबका महाराजा रणजीत सिंहले पनि गोर्खालीहरूलाई आफ्नो फौजमा भर्ती गर्न थालेका थिए । त्यसबेला भर्ती केन्द्र पञ्जाबको राजधानी लाहोर भएकाले विदेशी सेनामा जाने प्रक्रियालाई 'लाहुर जाने' र जाने व्यक्तिलाई 'लाहुरे' भन्न थालियो । यो शब्द आज पनि विदेशी भूमिमा काम गर्ने नेपालीहरूको सामाजिक पहिचानसँग जोडिएको छ । सन् १९४७ मा भारत स्वतन्त्र हुँदा नेपाल, भारत र बेलायतबिच भएको त्रिपक्षीय सम्झौताले गोर्खा रेजिमेन्टहरू बाँडिए । केही रेजिमेन्ट भारतीय सेनामा रहे भने केही बेलायती सेनामा गए । त्यसपछि सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिले दुवै देशका नागरिकलाई एकअर्काको भूमिमा बस्न, सम्पत्ति राख्न र रोजगारी गर्न अवसर दियो । त्यसपछि सेनामा भर्ती हुनबाहेक भारतका चिया बगान, कोइला खानी, कृषि क्षेत्र र निर्माण क्षेत्रमा नेपाली श्रमिकहरूको माग बढ्न थाल्यो । खुला सीमा, धार्मिक र सांस्कृतिक समानता, श्रम स्वीकृति (लेबर परमिट) नचाहिने व्यवस्था र भौगोलिक निकटताले गर्दा भारततर्फको श्रम आप्रवासनलाई थप सहज बनायो। यसरी सैनिक भर्तीबाट सुरु भएको भारततर्फको वैदेशिक रोजगारको यात्रा क्रमशः होटल, रेस्टुरेन्ट, सुरक्षा गार्ड, निर्माण, कारखाना र घरेलु कामसम्म फैलियो ।

भारतमा कति नेपाली बस्छन् ?

नेपाल र भारतबिचको लामो खुला सीमा, अनियमित र मौसमी बसाइँसराई, सीमापार आवतजावत र भारतमा नेपालीहरुको लामो बसोबासको इतिहासले गर्दा भारतमा काम गर्ने नेपालीहरुको संख्या यकिन गर्न कठिन छ । नेपाल-भारत बसाइँसराई र श्रम आप्रवासन सम्बन्धमा थुप्रै अध्ययनहरु भएका छन् तर अधिकांश अध्ययनहरुले फरक-फरक तथ्याङ्क उजागर गरेका छन् । जस्तै, जिफन्टले सन् १९९७ मा गरेको अध्ययनले भारतमा २८ लाख नेपाली कामदारहरु रहेको देखाएको छ । गणेश गुरुङ र डेभिड सेड्डोन चर्चित पुस्तक 'द न्यू लाहुरेः फरेन इम्प्लयोमेन्ट एण्ड रेमिट्यान्स इकोनोमी अफ नेपाल' (२००१) ले १३ लाख नेपालीहरु भारतमा कार्यरत रहेको उल्लेख गरेको छ । त्यसैगरी, हिमाल साउथ एसिया को सन् २००१ को विशेषाङ्कमा प्रकाशित भारततर्फको नेपाली श्रम आप्रवासनसम्बन्धी लेखले भारतमा १० लाख नेपाली कामदार रहेको जनाएको छ ।

अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम) ले सन् २०२३ मा गरेको नेपाल क्रस बोर्डर सर्भेले भारतमा ७ लाख नेपालीहरु कार्यरत रहेको देखाएको छ । अन्य विभिन्न अध्ययननहरुले पनि भारतमा १० लाख देखि ३० लाखसम्म नेपालीहरु रहेको तथ्याङ्क प्रस्तुत गरेका छन् ।

भारत जाने श्रमिकको सङ्ख्याबारे यसरी ठूलो भिन्नता देखिएको अवस्थामा नेपालको राष्ट्रिय जनगणनाको तथ्याङ्क भारतमा रहेका नेपाली श्रमिकको अवस्थाबारे जानकारी लिने एउटा महत्त्वपूर्ण आधार हो । सन् १९५२/५४ देखि सन् २०२१ सम्मका जनगणनाका तथ्याङ्क हेर्दा पञ्चायतकालको अन्त्यसम्म वैदेशिक रोजगारीका लागि विदेश जाने नेपालीमध्ये भारत जानेको हिस्सा करिब ९० प्रतिशतभन्दा बढी रहेको देखिन्छ ।

तर, सन् १९९० पछि प्रजातान्त्रिक सरकारको आगमन, वैदेशिक रोजगारसम्बन्धी ऐनको कार्यान्वयन र आर्थिक उदारीकरणको नीतिसँगै नेपाली श्रमिकका गन्तव्य भारतबाट खाडी मुलुक र मलेसियातर्फ विस्तार भए । यसले भारततर्फको श्रम आप्रवासनमा उल्लेखनीय कमी ल्यायो।यद्यपि, नेपालको सन् २०२१ को जनगणनाअनुसार विदेशमा अनुपस्थित जनसङ्ख्यामध्ये अझै पनि ३४ प्रतिशत अर्थात् ७ लाख ४४ हजार ८०१ जना भारतमा रहेको देखिन्छ । यो तथ्याङ्क भारतमा कार्यरत श्रमिकको यकिन सङ्ख्या नभई विदेशमा अनुपस्थित जनसङ्ख्याको गन्तव्यसम्बन्धी विवरण हो । नेपालको वैदेशिक रोजगार नीति र विद्यमान ऐनले भारततर्फ हुने श्रम आप्रवासनलाई पर्याप्त रूपमा नसमेटे पनि जनगणनाको तथ्याङ्कले भारत अझै नेपाली श्रमिकको ठूलो गन्तव्य रहेको यथार्थ उजागर गर्छ ।

कुन क्षेत्रबाट कहाँ पुगछन् ?

राष्ट्रिय श्रम आप्रवासन प्रतिवेदन २०२४ अनुसार भारतमा कामका लागि जाने नेपालीमध्ये सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा बढी (४०.८ प्रतिशत) छ । त्यसपछि लुम्बिनी प्रदेशको हिस्सा २६.८ प्रतिशत र कर्णाली प्रदेशको ९.५ प्रतिशत रहेको छ । सुदूरपश्चिमका बाजुरा, बझाङ, अछाम, डोटी, डडेल्धुरा, बैतडी र दार्चुलाजस्ता पहाडी जिल्लाबाट भारत जाने लामो परम्परा छ । कैलाली र कञ्चनपुरका सीमानाका उनीहरूका लागि भारत प्रवेश गर्ने महत्त्वपूर्ण मार्ग हुन् ।

कोशी र बागमती प्रदेशका पहाडी तथा हिमाली जिल्लाबाट विगतमा उत्तरपूर्वी भारतीय राज्यहरूमा कृषि, दुग्ध व्यवसाय, पशुपालन, खानी, श्रममूलक क्षेत्र तथा सेना र अर्धसैनिक बलमा काम गर्न जाने प्रवृत्ति निकै व्यापक थियो । तर पछिल्लो समयमा यी प्रदेशका युवाहरू तेस्रो मुलुकतर्फ बढी आकर्षित भएको देखिन्छ । यी तथ्याङ्कले भारततर्फको श्रम आप्रवासनको भौगोलिक स्वरूप अन्य वैदेशिक रोजगार गन्तव्यभन्दा फरक रहेको सङ्केत गर्छन् । भारत पुगेपछि नेपाली श्रमिकहरू दिल्ली, मुम्बई, बेंगलुरु, लुधियाना तथा पञ्जाब, हरियाणा, गुजरात र महाराष्ट्रका विभिन्न औद्योगिक तथा सहरी क्षेत्रमा काम गर्छन् । उनीहरूको गन्तव्य रोजगारीको उपलब्धता, पहिलेबाट त्यहाँ रहेका आफन्त वा साथीभाइको सञ्जाल र यात्रा खर्चले निर्धारण गर्छ । सुरक्षा गार्ड, चौकीदार, निर्माण मजदुर, होटल तथा रेस्टुरेन्टका कामदार, घरेलु श्रमिक, कृषि मजदुर र कारखानाका सहयोगी उनीहरूले गर्ने प्रमुख काममध्ये पर्छन् । धेरैजसो श्रमिक न्यून सीप आवश्यक पर्ने र अनौपचारिक प्रकृतिका काममा संलग्न हुन्छन् । यसले रोजगारी प्राप्त गर्न सहज बनाए पनि श्रम अधिकार र सामाजिक सुरक्षाको जोखिम भने बढाउँछ ।

भारतभित्रको गन्तव्य पनि रोजगारीको प्रकृति अनुसार फरक छ । दिल्ली, मुम्बई र पुणे सेवा क्षेत्र र सुरक्षा सेवाका लागि परिचित छन् । उत्तराखण्ड र हिमाचल प्रदेशको पहाडी भूगोल र संस्कृति नेपालसँग मिल्दोजुल्दो भएकाले नेपालीहरु त्यहाँ कृषि कार्य, सडक निर्माण, सहरी क्षेत्रमा भारी बोक्ने काम र केदारनाथ लगायत अन्य धार्मिक क्षेत्रमा तीर्थयात्री बोक्ने भरियाका रुपमा (पिट्ठुवाला) लामो समयदेखि संलग्न रहेको देखिन्छ । केदारनाथ यात्राको मौसममा (वैशाखदेखि कात्तिकसम्म) जुम्ला, जाजरकोट, कालिकोट, हुम्लाजस्ता कर्णाली प्रदेशका हिमाली तथा पहाडी जिल्लाका हजारौँ नेपाली युवाहरू रोजगारीका लागि त्यहाँ पुग्ने गर्छन् । गुजरात, तमिलनाडु र कर्नाटकका कारखाना तथा निर्माण क्षेत्रमा पनि नेपाली कामदार भेटिन्छन् ।

भारत नै किन ?

सुदूरपश्चिम, लुम्बिनी र कर्णालीका जिल्लाबाट धेरै युवा रोजगारीका लागि भारत जानुको मुख्य कारण खुला सीमा, न्यून लागत, भौगोलिक सहजता, भाषागत समानता र विशेष सीप वा शैक्षिक योग्यताको आवश्यकता नपर्नु हो । मध्य तथा सुदूरपश्चिम नेपालका सुनौली, जमुनाहा, गौरीफन्टा र गड्डाचौकीजस्ता सीमानाकाबाट भारतका प्रमुख सहर दिल्ली, मुम्बई, देहरादुन, नैनीताल र सिमला केही घण्टा वा एक-दुई दिनको बस तथा रेल यात्रामै पुग्न सकिने भएकोले पनि त्यस क्षेत्रमा युवाहरु भारतमा रोजगारीको लागि जाने गर्दछन् । तेस्रो मुलुक जान लाग्ने ठूलो धनराशि, राहदानी तथा भिसा, श्रम स्वीकृति र बीमाजस्ता प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्ने झन्झट नहुने भएकाले गरिब तथा विपन्न परिवारका युवाका लागि भारत जानु सहज र सस्तो विकल्प बन्छ। स्थानीय स्तरमा पर्याप्त उद्योगधन्दा र रोजगारीका अवसर नहुनु, कृषिको व्यावसायीकरण नहुँदा मौसमी बेरोजगारी बढ्नु तथा बुबा-हजुरबुबाकै पालादेखि भारत (कालापहाड) जाने पारिवारिक परम्परा र नातागोताको बलियो सञ्जालले पनि उनीहरूलाई भारततर्फ आकर्षित गर्छ। यसले उनीहरूलाई छोटो समयका लागि काम खोज्न भारत जान र आवश्यकता अनुसार घर फर्कन सहज बनाएको छ ।

राज्यको नजरमा अदृश्य श्रमिक

नेपाल सरकारले खाडी मुलुक वा मलेसिया जाने श्रमिकका लागि वैदेशिक रोजगार नीति तथा ऐन, श्रम सम्झौता र कल्याणकारी कोषको व्यवस्था गरेको छ । तर, संख्यात्मक रूपमा ठूलो हिस्सा ओगट्ने भारत जाने श्रमिकका हकमा सरकारी नीति र कार्यक्रम पर्याप्त देखिँदैनन् । खुला सीमाका कारण आवतजावत सहज भए पनि यसले श्रमिकलाई सीमापार बसाइँसराइको 'अनौपचारिक' श्रेणीमा सीमित गरिदिएको छ । खाडी मुलुक वा मलेसिया जाने श्रमिकको तुलनामा भारत जाने श्रमिकलाई आधिकारिक दर्ता वा इजाजतपत्र आवश्यक पर्दैन । यसले गर्दा भारतमा कति नेपाली श्रमिक छन् भन्ने यकिन तथ्याङ्क सरकारसँग छैन । अभिलेख नहुँदा श्रमिकहरू कार्यस्थलमा ठगिने, दुर्घटनामा पर्दा क्षतिपूर्ति नपाउने, बीमा तथा सामाजिक सुरक्षाबाट वञ्चित हुने र बेपत्ता हुँदा खोजी गर्न कठिन हुने समस्या छ ।

अबको बाटो

पहिलो आवश्यकता भारत जाने नेपाली श्रमिकको नियमित र विश्वसनीय तथ्याङ्क सङ्कलन हो । सीमानाकामा स्वैच्छिक तथा सरल दर्ता प्रणाली विकास गरी श्रमिकको उद्गम जिल्ला, गन्तव्य, कामको प्रकृति र मौसमी आवागमनबारे जानकारी लिन सकिन्छ। दोस्रो, भारतस्थित नेपाली दूतावास र सम्बन्धित निकायमार्फत श्रमिक सहायता, कानुनी परामर्श तथा आपत्कालीन उद्धार सेवाको पहुँच विस्तार गर्नुपर्छ । दुर्घटना वा मृत्यु हुँदा परिवारले सहायता कसरी पाउने, रोजगारदाताले ज्याला नदिएमा कहाँ उजुरी गर्ने र रोजगारी गुमाएर अलपत्र परेमा कसले सहयोग गर्ने भन्ने विषयमा स्पष्ट व्यवस्था आवश्यक छ । तेस्रो, स्थानीय सरकारले भारतबाट फर्किएका श्रमिकको सीप र अनुभव पहिचान गरी उनीहरूलाई उद्यम, कृषि, पर्यटन तथा स्थानीय रोजगारीसँग जोड्नुपर्छ । लुम्बिनी, सुदूरपश्चिम र कर्णालीजस्ता भारतमुखी श्रम आप्रवासन बढी भएका क्षेत्रको विकास योजनामा रोजगारी, कृषि उत्पादकत्व र युवाका आर्थिक अवसरलाई प्राथमिकता दिनुपर्छ । भारतमा रोजगारीको स्वरूप पनि बदलिँदै गएको छ । डिजिटल सेवा, लजिस्टिक्स, डेलिभरी र आतिथ्य व्यवस्थापनजस्ता क्षेत्रमा कामदारको माग बढ्दै गएको छ । अर्कोतर्फ, भारतीय सेनामा गोर्खा भर्तीको परम्परागत अवसर सन् २०२२ मा 'अग्निपथ' योजना लागू भएपछि अनिश्चित बनेको छ । यसले नेपाली युवाका परम्परागत रोजगारीका अवसरमा समेत प्रभाव पार्न सक्छ ।

मुन्दु गाउँ र सेरा जोड्न झोलुङ्गे पुल निर्माण हुने



❐ काँक्रेविहार संवाददाता

मुगु, २८ कात्तिक

मुन्दु गाउँ र सेराको जोड्ने २५० मिटर लामो झोलुङ्गे पुल निर्माण हुने भएको छ। कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले पुल निर्माणका लागि रु ३० लाख बजेट विनियोजन गरिएको बताए।

हालै यहाँ स्थानीयसँग आयोजना गरिएको छलफलमा मुख्यमन्त्री शाहीले कोटिला र मुन्दु गाउँका बासिन्दालाई स्थानीय सडक मर्मतसम्भारसँगै धार्मिक र पर्यटकीय महत्वको ऋणमोक्ष धामसम्म पुग्ने बाटो पनि सुधार गरिने प्रतिबद्धता व्यक्त गर्दै पुल निर्माणको प्रक्रिया तत्काल प्रारम्भ गरिने बताए।

पुल निर्माणपछि मुन्दु, कोटिला, लिउडी, घट्टलेक, तलीलेक, लुवारपोल्नालगायत दर्जनौं बस्तीका स्थानीयलाई आवतजावतमा सहज हुनेछ।

कार्यक्षेत्र फर्कनेको भिड टिकट पाउनै मुस्किल

❐ काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, २८ कात्तिक

दसैं र तिहार मनाउन घर आएका सबै कार्यक्षेत्र फर्कन थालेका छन्। अध्ययन, रोजगार तथा विभिन्न कामका लागि जिल्लाबाहिर जानेको भिड यतिबेला बसपार्क तथा गाडीमा देखिएको छ।

जिल्लाका विभिन्न स्थानमा रहेका सार्वजनिक यातायातका काउन्टरमा टिकट नपाएको, टिकटमा उल्लेख गरिएको सिट नम्बर दोहोरो परेको, टिकट पाउँदा पनि बस्नका लागि सिट नपाएको गुनासो बढेका छन्। चौरजहारी नगरपालिका-४ का दुर्गाबहादुर कुमालले चौरजहारीस्थित बसपार्कमा यात्रुको भिड रहेको जानकारी दिनुभयो। रोजगारीका लागि भारत जान थालेका कुमालले गाडीको टिकट तथा सिट नै नपाएर बसपार्क बस्नु परेको बताए। दसैंअघि चाडपर्व मनाउन घर फर्केका उनीले तिहार मनाएर कामको खोजीमा भारत जान थालेको तर यातायातका साधन खचाखच भरिएको बताए।

विद्यालय सञ्चालन गर्न देउसीभैलोबाट जुट्यो दुई लाख

❐ काँक्रेविहार संवाददाता

हुम्ला, २८ कात्तिक

हुम्लाको सर्केगाड गाउँपालिका-१ तुम्चस्थित देबल आधारभूत विद्यालयले तिहारको अवसरमा सञ्चालन गरेको देउसीभैलो कार्यक्रमबाट रु दुई लाख १७ हजार ५७५ सङ्कलन गरेको छ। विद्यालयको शैक्षिक विकास तथा प्रस्तावित माध्यमिक तह सञ्चालनका लागि आर्थिक स्रोत जुटाउने उद्देश्यले सञ्चालन गरिएको देउसीभैलो कार्यक्रमबाट जैर, छिडीनात्ता, लुम र तुम्च क्षेत्रबाट उक्त रकम सङ्कलन भएको विद्यालयका प्रधानाध्यापक मदन बुढाले बताए। उनका अनुसार देउसीभैलो कार्यक्रम औपचारिक रूपमा रोकिए पनि विभिन्न व्यक्ति तथा सहयोगदाताले अहिले पनि विद्यालयलाई आर्थिक सहयोग गरिरहेको बताए। विद्यालयको शैक्षिक उन्नति र माध्यमिक तह सञ्चालनका लागि सहयोग गर्न उनले सबैलाई अपिलसमेत गरे।

सङ्कलित रकम यसै शैक्षिक सत्रबाट सञ्चालन गरिएको प्रस्तावित माध्यमिक विद्यालय सञ्चालन तथा माध्यमिक तहका शिक्षक व्यवस्थापनमा खर्च गर्ने मुख्य उद्देश्य रहेको प्रधानाध्यापक बुढाले बताए। माध्यमिक तहको पठनपाठन सञ्चालन गर्न आवश्यक शिक्षक व्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउन देउसीभैलो कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ।

ग्रामीण क्षेत्रमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा माध्यमिक तहको शिक्षा आफ्नै गाउँमा उपलब्ध गराउने लक्ष्यसहित स्थानीयवासी र सहयोगदाताको सहभागितामा आर्थिक स्रोत जुटाउने प्रयास भइरहेको छ। यस विद्यालयबाट नजिकको सरस्वती माध्यमिक विद्यालय सोही वडामा रहेको छ तर उक्त विद्यालयबाट करिब तीन घण्टाभन्दा बढी समय लाग्छ।

यहाँका अभिभावक अनिवार्य माध्यमिक विद्यालय सञ्चालन गर्नुपर्ने प्रस्ताव आएपछि गएको फागुनबाट मात्र माध्यमिक तह ९९-१०० सञ्चालन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकृष्ण शाहीले बताउनुभयो। तिहारको सांस्कृतिक परम्परालाई विद्यालयको शैक्षिक विकाससँग जोड्दै सञ्चालन गरिएको यस अभियानले प्रस्तावित माध्यमिक विद्यालय सञ्चालनका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ।

आयातित फूलमालामा रोक, स्वदेशी फूलमाला खपत

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २८ कात्तिक

तिहारमा सुर्खेतमा स्वदेशी फूलमाला खपत भएका छन्। भारतबाट आउने आयातित फूलमालामा सरकारले रोक लगाएपछि स्थानीय किसानले उत्पादन गरेका फूलमाला खपत भएको हो। तिहारको पाँच दिनमा मात्रै २० देखि २५ लाखको स्वदेशी फूलमालाको खपत भएको फूल व्यवसायीको अनुमान छ। सुर्खेतमा फूल खेती गर्ने, तिहारमा फूल बेच्ने प्रचलन दुई/तीन वर्षदेखि सुरुवात भएको हो। बर्सेनि स्वदेशी फूलमालाको खपत बढ्दै गएपछि फूल व्यवसायी उत्साहित भएका छन्। वीरेन्द्रनगर नगरपालिका-४ का फूल व्यवसायी अनन्तकुमार पन्तले तिहारमा आफूसँग भएको फूल सकिएपछि वीरेन्द्रनगरबाहिरका गाउँ र नेपालगन्ज



तथा काठमाडौंबाटसमेत हजारी र सुपारी फूल ल्याउनुपर्ने अवस्था आएको बताए। उनले कुल सात क्विन्टलजति फूल र माला बिक्री गरे। यस पटक उनले हजारी फूल छ सय रुपियाँ प्रतिकेजी बिक्री गरे। पाँच दिनको अवधिमा आफूले करिब पाँच लाखको फूल र मालाबाट कारोबार गरेको जानकारी उनले दिए। यसै गरी सोही ठाउँकै एजी भेन्चरले तिहारमा सात कट्ठा क्षेत्रफलमा गरेको फूल खेतीबाट उत्पादन गरिएको फूलमाला खपत भएको जनाएको छ। भेन्चरका सञ्चालक प्रिसिला गिरीले आफूले १० क्विन्टल फूल र पाँच हजार माला बिक्री गरेको दाबी गरे। उनका अनुसार यस पटक फूल र मालाबाट करिब १५ लाख कारोबार भएको तथ्याङ्क छ। तीन वर्षदेखि फूल खेती गरेका उनको फूलमालाको कारोबार बर्सेनि बढ्दै गएको छ। उनले पनि यस पटक सुर्खेतमा विदेशी फूल र मालालाई स्वदेशी फूल र मालाले विस्थापित गरेको बताए। सरकारले पनि विदेशी फूलमालालाई रोक्न लगाउने निर्णय गरेपछि स्वदेशी कृषकले उत्पादन गरेको फूल र मालाले राम्रो बजार पाएको उनको भनाइ छ। गत वर्ष १५ प्रतिशतजति भारतीय माला आएको भन्दै उनले यस वर्ष त भारतीय माला आयात पूर्ण रूपमा ठप्प भएको जानकारी दिए।

स्थानीय सरकारले बनाए जलविद्युत्



❐ काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, २८ कात्तिक

रुकुमपश्चिमको बाँफीकोट गाउँपालिका-३ मा निर्माण सम्पन्न भएको ३.३ मेगावाट क्षमताको स्यार्पु साना जलविद्युत् आयोजनाले व्यावसायिक रूपमा विद्युत् उत्पादन गर्ने भएको छ। रुकुमपश्चिमका सबै छ स्थानीय तहको संयुक्त लगानीमा स्थापित स्यार्पु पावर कम्पनीले निर्माण गरेको यो आयोजनालाई नेपाल विद्युत् प्राधिकरणले व्यावसायिक विद्युत् उत्पादनको अनुमतिसमेत दिइसकेको छ। कम्पनीका अध्यक्ष धनवीर ओलीका अनुसार स्थानीय तहले सामूहिक रूपमा जलविद्युत्मा लगानी गरेका कारण स्यार्पु साना जलविद्युत आयोजना वित्तीय लगानीको नौलो मोडेल पनि हो। यसको कुल लागत करिब ६२ करोड रुपियाँ पुगेको छ। कुल लागतको ७० प्रतिशत अर्थात् ४३ करोड ५९ लाख रुपियाँ बैङ्क ऋण र बाँकी रकम स्वपुँजी हो। कम्पनीमा रुकुमपश्चिमका छ वटै स्थानीय तह र जिल्ला समन्वय समितिको ५४ प्रतिशत, सङ्घीय सरकारको अर्थ मन्त्रालयको एक प्रतिशत लगानी रहेको छ। बाँकी ४५ प्रतिशत स्थानीय साधारण सेयरका लागि छुट्याइएको छ। आयोजनामा सबैभन्दा धेरै चौरजहारी नगरपालिकाले छ करोड २९ लाख रुपियाँ लगानी गरेको छ भने सानीभेरी गाउँपालिकाले चार करोड ९६ लाख रुपियाँ लगानी गरेको छ। बाँफीकोट गाउँपालिकाले दुई करोड ७९ लाख, आठबिसकोट नगरपालिकाले दुई करोड पाँच लाख, त्रिवेणी गाउँपालिकाले एक करोड ८२ लाख र मुसीकोट नगरपालिकाले ५० लाख लगानी गरेको छ। आयोजनामा सङ्घीय अर्थ मन्त्रालयको २२ लाख सेयर लगानी रहेको छ भने ६१ लाख ७२ हजार रुपियाँ जिल्ला समन्वय समितिको लगानी छ। बाँकी ४५ प्रतिशत प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) मार्फत सर्वसाधारणका लागि खुला रहने छ।

विसं २०७८ बाट निर्माण प्रयास थालिएको 'रन अफ रिभर' प्रकृतिको सो आयोजना २०८० मङ्सिर २५ गते शिलान्यास गरिएको थियो। कम्पनीका कार्यकारी प्रमुख प्रदीप ओलीका अनुसार आयोजनाबाट वार्षिक करिब एक करोड ८१ लाख ७७ हजार युनिट विद्युत् उत्पादन हुँदा वार्षिक १० करोड १५ लाख रुपियाँ आम्दानी हुने अनुमान छ। आयोजनाबाट उत्पादित विद्युत् ३३ केभी प्रसारण लाइनमार्फत बाँफीकोट सबस्टेसन हुँदै राष्ट्रिय प्रणालीमा जोडिएको छ। प्रतिनिधि सभाका सदस्य गोपाल शर्माले स्थानीय सरकारको नेतृत्व, लगानी, सहभागिता, आर्थिक लाभ र स्थानीय जनताको स्वामित्वसमेतका हिसाबले यो आयोजना देशकै लागि सफल नमुना आयोजना बनेको बताए। चौरजहारी नगरपालिकाका प्रमुख पुष्प बादीले स्थानीय सरकारको यो लगानी दीर्घकालीन आन्तरिक आम्दानीको आधार बन्ने अपेक्षा रहेको बताए।

कारागार भवनको निर्माण कार्य ढिलाई हुँदा समस्या

❐ काँक्रेविहार संवाददाता

हुम्ला, २८ कात्तिक

जिल्ला प्रहरी कार्यालयको हिरासतमा कैदीबन्दीहरु कोचिएर बस्नुपर्ने बाध्यता रहेको छ।

तीन वर्षदेखि निर्माण कार्य भइरहेको कारागार भवनको काम सम्पन्न नहुँदा जिल्लाभरका कैदीबन्दीहरुले समस्या भोगेर हिरासतको कोठामा बस्नु परिरहेको छ।

प्रहरी कार्यालयमा रहेको हिरासतको सानो कोठामा नौ जना बस्नुपर्दा समस्या भएको कैदीबन्दी देवजन सार्कीले बताए। खानासमेत त्यही कोठामा पकाएर खानुपर्ने बाध्यता रहेको बताउँदै वास्तवमा कैद जीवन सुधारका लागि भएपनि यहाँ त्यो नभएर पीडा सहनुपर्ने बाध्यता रहेको उनले बताए। बस्ने कोठासँगै शौचालय नभएको कारण दुर्गन्ध पनि त्यतिनै हुनेगरेको र त्यसमाथि पटक-पटक खानेपानीको समस्या आउने भएकोले अर्को समस्या थप्ने उनको भनाइ छ। जिल्ला प्रहरी कार्यालयले दुई वटा कोठालाई हिरासत बनाएको छ। कारागारको भवन निर्माण कार्य पुरा नभएकोले २०६३ सालदेखि कैदीबन्दीहरु सोही कोठामा बस्दै आएका हुन्।

भीरबाट लडेर एक जनाको मृत्यु, एक घाइते

❐ काँक्रेविहार संवाददाता

अछाम, २८ कात्तिक

अछामको ढकारी गाउँपालिकामा भीरबाट लडेर एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन्। मृत्यु हुनेमा ढकारी गाउँपालिका-१ बासल्लाका ३२ वर्षीय बिर्खे बूढा रहेका छन्।

सोही ठाउँका ३१ वर्षीय गणेश बुढा घाइते भएका जिल्ला प्रहरी कार्यालय अछामले जनाएको छ। प्रहरीका अनुसार स्थानीय सालटोक्टा बजारबाट घर फर्किने क्रममा बिहीबार राति बासल्ला नजिकैको भिरबाट दुवै जना खसेका थिए। उनीहरू करिब १५० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब उपरीक्षक पविन्द्रबहादुर बम्मले जानकारी दिए।

घटनाको खबर पाएलगत्तै प्रहरीचौकी ढकारीबाट प्रहरी सहायक निरीक्षक हरिदत्त भट्टको कमान्डमा तीन जनाको टोली उद्धारका लागि खटिएको थियो।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

राष्ट्रिय खेलकुदका लागि सुदूरपश्चिमले छान्दै छ ७ सय ४४ खेलाडी, छनोट प्रतियोगिता सुरु

❐ काँक्रेविहार संवाददाता
कैलाली, २८ कात्तिक

कर्णाली प्रदेशमा आयोजना हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि सुदूरपश्चिम प्रदेशले खेलाडी छनोट सुरु गरेको छ।

राष्ट्रिय प्रतियोगितामा सुदूरपश्चिमको प्रतिनिधित्व गर्ने खेलाडी छनोट गर्न कैलाली, कञ्चनपुर र डडेल्धुरामा विभिन्न खेलका प्रतिस्पर्धा सञ्चालन भइरहेका छन्। १ मंसिरसम्म चल्ने छनोट प्रतियोगिताबाट ७४४ खेलाडी छनोट गरिने प्रदेश खेलकुद परिषद्का सदस्यसचिव लोकबहादुर खड्काले जानकारी दिए।



शनिबारदेखि सुरु भएको प्रदेशस्तरीय छनोट प्रतियोगितामा प्रदेशका नौवटै जिल्लाबाट खेलाडी र प्रशिक्षक गरी करिब दुई हजार नौ सय जना सहभागी भएका छन्। राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश ३२ खेलमध्ये सुदूरपश्चिमले ३० खेलमा सहभागिता जनाउने तयारी गरेको छ।

यसअघि धनगढी रंगशालामा शनिबार आयोजित कार्यक्रममा मुख्यमन्त्री खगराज भट्टले प्रदेशस्तरीय छनोट प्रतियोगिताको उद्घाटन गरेका थिए।

छनोट प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री भट्टले सीमित स्रोतसाधनका बाबजुद सुदूरपश्चिममा प्रतिभाशाली खेलाडी उत्पादन हुनु प्रदेशका लागि गौरवको विषय भएको बताए। खेलकुदले खेलाडीको व्यक्तिगत क्षमता विकासमँगै प्रदेश र राष्ट्रको पहिचान स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो।

खेलाडीको प्रतिभा पहिचान गरी उचित अवसर र मार्गदर्शन प्रदान गर्नुका साथै खेलकुद क्षेत्रका समस्या समाधान गर्न राज्यले आवश्यक सहजीकरण गर्नुपर्ने उनले बताए। १६ देखि २७ मंसिरसम्म कर्णाली प्रदेशको सुर्खेतमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन हुँदै छ।

१७ वर्षदेखि...

उद्योग निर्माणको काम अघि नबढेपछि गाउँपालिकाले कम्पनीमाथि दबाब बढाएको छ।

अध्यक्ष विकका अनुसार गाउँपालिकाले कार्यपालिकाबाटै निर्णय गरेर तीन वर्षदेखि कम्पनीलाई उपलब्ध गराउँदै आएको प्रशासनिक सेवा रोकेको छ।

उद्योग स्थापना गर्ने अनुमति लिएर काम नगरी जग्गा खरिदको प्रक्रिया मात्रै अघि बढाएको भन्दै यस्तो निर्णय गरिएको उनले बताए।

'पुरानो चौकुने सिमेन्ट खानीको काम अहिलेसम्म शून्य छ। १६-१७ वर्ष भइसक्यो, तर उद्योग निर्माणको कुनै काम अघि बढेको छैन,' अध्यक्ष विकले भने, 'वर्षमा एक-दुई रोपनी जग्गा किनेर उद्योगको काम भइरहेको छ भनेर नागरिकलाई देखाउने काम मात्रै भएको छ।'

गाउँपालिकाले कम्पनीलाई उद्योग सञ्चालन नगरेसम्म प्रशासनिक सेवा उपलब्ध नगराउने निर्णय गरेको छ। तर उद्योग स्थापना गर्ने प्रक्रिया अघि बढेमा आवश्यक सहजीकरण गर्ने निर्णय पनि गाउँपालिकाले गरेको अध्यक्ष विकले बताए। उनका अनुसार उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थ ढुवानीको सडक, विद्युत् र पानीको व्यवस्थापनमा गाउँपालिकाले आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

'हामीले तीन वर्ष भयो, गाउँपालिकाबाट दिने सम्पूर्ण प्रशासनिक काम रोकेका छौं। उद्योग सुरु नगर्ने अवस्थामा कुनै पनि सेवा नदिने भनेर कार्यपालिकाबाटै निर्णय गरेका हौं,' अध्यक्ष विकले भने, 'उद्योग सुरु गर्ने अवस्थामा कच्चा पदार्थ ढुवानीका लागि सडक, बिजुली र पानी गाउँपालिकाबाटै पुऱ्याइदिने निर्णय पनि गरेका छौं।'

मधेशका मुख्यमन्त्री यादवले दिए राजीनामा

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ कात्तिक

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले राजीनामा दिएका छन्।

विश्वासको मत लिने प्रयोजनका लागि शनिबार बसेको प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले राजीनामाको घोषणा गरेका हुन्।

सत्ता साझेदार दुई दल नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले समर्थन फिर्ता लिएपछि उनी अल्पतमा परेका थिए।

शनिबार विश्वासको मत पाउने सम्भावना नरहेपछि यादवले राजीनामा दिएका हुन्। नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका यादव अघिल्लो वर्ष मंसिर ११ गते मुख्यमन्त्री नियुक्त भएका थिए।

कांग्रेस नेतृत्वको सरकारमा सहभागी आफ्ना चार मन्त्रीलाई एमालेले गत असोज २५ गते सामूहिक राजीनामा गराउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो।



यस्तै, सरकारमा सहभागी नेपाली कम्युनिस्ट पार्टीका चार मन्त्रीले कात्तिक २० गते राजीनामा दिए।

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ। प्रदेशसभामा कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेकपाका १५ र जनमत पार्टीका १२ सांसद छन्। त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक/एक सांसद छन्।

चीन भ्रमणलाई फलदायी बनाउन लामिछानेको निर्देशन

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ कात्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले चीन भ्रमणलाई फलदायी बनाउन भ्रमण दलका सदस्यहरूलाई निर्देशन दिएका छन्। सभापति निवासमा शनिवार भएको छलफलमा उनले भ्रमणको उद्देश्यमा केन्द्रित हुन र संहिता पालना गर्न निर्देशन दिएको रास्वपाका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले जानकारी दिए।

मुख्य सचेतक बुर्लाकोटीले भ्रमणको आवश्यक तयारी र प्रभावकारी सहभागिताका लागि सभापति लामिछानेद्वारा मार्गनिर्देशन प्राप्त भएको उल्लेख गरे। चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को औपचारिक निमन्त्रणामा रास्वपाका महामन्त्री विपिन आचार्यको नेतृत्वमा पार्टीको उच्चस्तरीय प्रतिनिधिमण्डल यही कात्तिक २९ गतेदेखि चीनको भ्रमणमा जाँदैछ।

भ्रमण टोलीमा महामन्त्री आचार्यको नेतृत्वमा सांसदहरू गणेश पराजुली, हरि ढकाल, कविन्द्र बुर्लाकोटी, लिमा अधिकारी आचार्य, समीक्षा बास्कोटा, सागर ढकाल, सुशान्त वैदिक, रिमा विश्वकर्मा, रमेशकुमार सापकोटा, डा. धनञ्जय रेग्मी, गजला शमिम मिकरानी, श्रीराम न्यौपाने, डा. राम लामा, पुनमकुमारी अग्रवाल, डा. आनन्दबहादुर चन्द, डा. सुजाता तामाङ, पुष्पाकुमारी चौधरी, अरविन्द शाह र रत्ना थापा पनि सहभागी रहेका छन्।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

❖ चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
❖ चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
❖ धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
❖ एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)